थाहा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २०७७ संख्याः ३ मितिः २०७७।५।२६

**पहिलो संशोधन मितिः २०८०/०२/२८**

**भाग-२**

## थाहा नगरपालिका उद्योग, व्यापार तथा व्यवसाय दर्ता कार्यविधि, २०७७
## (पहिलो संशोधन, २०८० सहित)

**प्रस्तावनाः**

नगरपालिका क्षेत्र भित्र कुनै पनि व्यक्ति, संस्था निकायवाट सञ्चालित उद्योग धन्दा तथा व्यापार, व्यवसाय र पेशालाई मर्यादित तथा व्यवस्थित गर्न गराउन, नीतिगत व्यवस्था बमोजिम आफ्नो क्षेत्र भित्रका व्यापार, व्यवसाय र पेशामा व्यवसाय कर लगाई असूल गर्ने कार्यलाई सरल, बैज्ञानिक र तजविजी अधिकार रहित बनाउन आवश्यक देखिएकोले,

स्थानिय सरकार ऐन २०७४ र थाहानगरपालिका प्रशासकीय कार्यविधि (नियमित तथा व्यवस्थित गर्ने) ऐन २०७५ को दफा ९ वमोजिम थाहानगर कार्यपालिका बैठकले थाहा नगरपालिका उद्योग, व्यापार तथा व्यवसाय दर्ता कार्यविधि, २०७७ पारित गरको छ ।

**१. नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम थाहा नगरपालिका उद्योग, व्यापार तथा व्यवसाय दर्ता कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि थाहा नगरपालिकाको स्थानिय राजपत्रमा प्रकाशित भई लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(१) "नगरपालिका" भन्नाले थाहा नगरपालिका सम्झनु पर्दछ ।

(२) "कार्यपालिका" भन्नाले थाहा नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(३) "वडा समिति" भन्नाले थाहा नगरपालिकाको वडा समिति सम्झनु पर्दछ ।



✶✶पहिलो संशोधनबाट थप गरिएको ।

(४) “प्रमुख” भन्नाले थाहा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(५) “उपप्रमुख” भन्नाले थाहा नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(६) “वडा अध्यक्ष” भन्नाले थाहा नगरपालिकाको वडाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(७) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले थाहा नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी प्रमुखलाई सम्झनु पर्दछ ।

(८) “सदस्य” भन्नाले नगर सभाको सदस्य सम्झनु पर्दछ र सो शब्दले नगरपालिकाको प्रमुख, उप प्रमुख, वडा अध्यक्ष र कार्यपालिका सदस्य समेतलाई जनाउँछ ।

(९) “सभा” भन्नाले नगर सभालाई सम्झनु पर्दछ ।

(१०) “कर्मचारी” भन्नाले थाहा नगरपालिकामा तोकिएको कामका लागि तलव सुविधा प्राप्त गर्ने गरी विभिन्न प्रकृति र तहमा नियुक्त व्यक्तिलाई सम्झनु पर्दछ ।

(११) “नियम” भन्नाले कार्यपालिकाले पारित गरेका नियमावली सम्झनु पर्दछ । सो शब्दले संघीय, प्रदेश र नगर सभाले पारित गरेको ऐन कानूनको अधिनमा रही थाहा नगरपालिकाको कार्यपालिकाले पारित गरी लागु गरेको नियमावली, कार्यविधि, निर्देशिका ,दिग्दर्शन आदी समेतलाई जनाउछ ।

(१२) “वडा सचिव” भन्नाले वडा समितिको सचिवको कामकाज गर्न खटिएको कर्मचारी सम्झनु पर्दछ ।

(१३) “कर” भन्नाले नगरपालिकासंग सम्बन्धित प्रचलित ऐन, नियमावली र यो निर्देशिका बमोजिम थाहा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूंजीगत लगानी, आर्थिक कारोवार र क्षेत्रगत एवं व्यापारिक महत्वको आधारमा लाग्न सक्ने व्यवसाय करलाई सम्झनुपर्छ र यो शब्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप शुल्क कर,दस्तुर,जरिवाना समेतलाई जनाउंछ ।

(१४) “करदाता” भन्नाले दफा ५ बमोजिम कर तीर्नु पर्ने कर्तव्य भएका व्यक्ति,फर्म वा संस्थालाई सम्झनुपर्छ।

(१५) “कर अधिकृत” भन्नाले यो निर्देशिका बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको नगर कार्यपालिकामा कार्यरत अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्छ ।

(१६) “कार्यालय” भन्नाले थाहा नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(१७) “शाखा” भन्नाले राजश्व शाखा लाई सम्झनुपर्छ ।

## ३. उद्योग व्यापार तथा व्यवसाय दर्ता गरी संचालन गर्नुपर्नेः

१. नगरपालिका क्षेत्रभित्र कुनैपनि उद्योग व्यापार तथा व्यवसाय संचालन गर्नु अघि यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ ।

२. नगरपालिका क्षेत्रभित्र सञ्चालित कुनै पनि उद्योग व्यापार तथा व्यवसाय यस कार्यविधि जारी भएको ३ महिना भित्र यसै कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ ।

## ४. व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्नेः

(१) नगरपालिका भित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसुचि -१ मा उल्लेखित ढाँचाको दरखास्त फारम भरी कार्यालयमा दरखास्त दिन सक्नेछ । यस्तो दरखास्त फाराममा देहायका कुराहरु खुलेको हुनुपर्छः-

(क) व्यवसायको नाम ।

(ख) व्यवसाय रहने ठेगाना ।

(ग) व्यवसायको प्रकृति : उद्योग, व्यापार, सेवा, पेशा ।

(घ) व्यवसायले कारोबार गर्ने मुख्य वस्तु सेवा तथा कामको विवरण ।

(ङ) स्थीर पुंजीगत लगानी ।

(च) व्यवसायीको नाम, ठेगाना र बाबु, बाजेको नाम ।

(छ) व्यवसाय रहने घरधनी/जग्गाधनीको नाम ।

(ज) समय समयमा नगरपालिकाले तोकिदिएको अन्य विवरणहरु ।



✶✶पहिलो संशोधनबाट थप गरिएको ।

(झ) व्यवसायीको नागरिकता वा स्थानीय कर इजाजत नं. र सोको प्रतिलिपी

(ञ) अन्यत्र व्यवसाय दर्ता र इजाजत प्राप्त भएको भए सोको विवरण तथा इजाजत र दर्ता प्रमाणपत्र नम्वर

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ समेत गरी निर्धारण भए बमोजिमको वार्षिक कर एवं अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची -२ बमोजिमको व्यवसाय कर दर्ता किताबमा उल्लेखगरी निवेदकलाई अनुसूची-३ को ढाँचामा व्यवसाय कर दर्ता प्रमाण पत्र उपलव्ध गराउनेछ ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय संचालन गर्नु पर्ने भएमा कार्यविधिले छुट्टै व्यवस्था गरेको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेको अवस्थामा वाहेक छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ । तर शाखा वा थप कारोबार स्थलको लागि लाग्ने कर एकमुष्ठ तिरी विभिन्न स्थानमा संचालित व्यवसाय वा शाखाहरु एउटै प्रमाणपत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस उपदफाले वाधा पुर्‍याएको मानिने छैन ।

## ५. कर बुझाउने दायित्वः

(१) नगर सभाले पारीत भए अनुसार कर बुझाउने दायित्व व्यवसाय दर्ता भएको व्यक्ति फर्म वा निजको प्रतिनिधिको हुनेछ ।

(२) कुनै व्यवसाय एक भन्दा वढी व्यक्तिको नाममा संयुक्त दर्ता भएको रहेछ भने सो मध्ये कुनै पनि व्यक्तिलाई  कर बुझाउन वाध्य गर्न सकिनेछ ।

## ६. व्यवसायको नविकरण गर्नुपर्नेः

दफा ४ बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष शुरु भएको **३ महिना भित्र** वार्षिक कर अग्रिम रुपमा तिरी प्रत्येक आर्थिक वर्षको लागि व्यवसाय नविकरण गर्नु पर्नेछ ।

## ७. विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्नेः

(१) दफा ४ बमोजिम व्यवसाय दर्ताको लागि पेश गरिएको निवेदनमा उल्लेखित विवरणहरुमध्ये केही कुरा हेरफेर गर्नुपर्ने भएमा १५ दिनभित्र सो को जानकारी कार्यालयमा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ समेत गरी संसोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर गरेवापत रु १००-५०० ( थप दस्तुर लिई विवरण संसोधन गरीदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

(३) व्यवसायको प्रकृति, कारोवार गर्ने वस्तु तथा सेवाको किसिम तथा व्यवसायको नाम आदि परिवर्तन गर्नुपरेमा नयाँ प्रकृतिको व्यवसायको कर साविकको करको दरभन्दा वढी लाग्ने भएमा सो फरक कर रकम समेत असूल गर्नुपर्नेछ ।

## ८. साझेदार थपघट र ठाउँसारी गर्नुपरेमा स्वीकृति लिनुपर्नेः

(१) एक व्यक्ति वा एक भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात समेत संलग्न राखी नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उप दफा (१) बमोजिम निवदेन परेमा सम्बन्धित कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असूल गरी वार्षिक करको दरमा ५०% वा रु.१०००।०० मध्ये जुन बढी हुन्छ सो थप दस्तुर समेत लिई दर्ता गर्ने अधिकारीले साझेदार थप गरि दिनेछ ।

(३) नगरपालिका क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको पेशा व्यवसाय अर्को स्थानमा ठाउँसारीको लागि निवेदन परेमा दर्ता गर्ने अधिकारीले (कर अधिकृतले) आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष



★★पहिलो संशोधनबाट थप गरिएको ।

सम्मको कर असूल गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिश जनाई सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ । यसरी सिफारिश प्राप्त भएकोमा ठाउँ सारी हुने वडा कार्यालयले ब्यबसाय दर्ता विवरणमा ठाउँ सारी जनाई साबिकको वडा कार्यालयमा ठाउँ सारीको जानकारी दिनु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम ठाँउ सारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत कितावमा ठाउँ सारी जनाई लगत खारजे गुर्नपर्नेछ ।

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिश भएपछि तोकिएको समय भित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु करदाताको कर्तव्य हुनेछ ।

(६) उपदफा (३) बमोजिम ठाउँ सारी गर्न चाहने करदाताले ठाँउ सारी भई जाने व्यवसाय रहने ठेगानाको कर बुझाउनु पर्ने कार्यालयमा ठाउँ सारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचवुझ गरी नगरपालिका क्षेत्र भित्र ठाउँ सारी भए रु ५००।०० र वाहिर भए रु.१०००।०० दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँ सारी गरिदिनु पर्नेछ ।

(७) यस कार्यविधि बमोजिम ठाउँ सारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ ।

**९. कार्यालयले विवरण माग गर्न र निर्देशन दिन सक्नेः**

(१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित उद्योग, व्यापार तथा व्यवसाय सञ्चालकको हुनेछ ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलमा गई आवश्यक जाँचवुझ गर्न सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम दर्ता भएका पेशा, व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

**१०. व्यवसाय सञ्चालनको अनुमति लिनु पर्ने :**

(१) नगरपालिकामा ब्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायवाट प्रचलित नेपाल कानून बमोजिम अनुमति लिनुपर्ने कानूनी प्रावधान भएका पेशा, व्यवसाय संचालन गर्न पूर्व सम्वन्धित निकायवाट अनुमति लिनु पर्ने दायित्व सम्वन्धित व्यावसायीको हुनेछ ।

(२) यस कार्यविधि बमोजिम कर प्रयोजनका लागि व्यवसाय दर्ता भएको आधारमा मात्र कुनै पनि उद्योग, व्यापार, पेशा, व्यवसाय सञ्चालन गर्ने अनुमति पाएको मानिने छैन ।

(३)* थाहा नगरपालिकामा व्यवसाय दर्ता गरेको प्रत्येक व्यवसायीले आफ्नो व्यवसायको परिचय खुल्ने गरी परिचय पाटी राख्नु पर्नेछ ।

(४*) व्यवसायीले आफ्नो व्यवसाय अनुसारको परिचय पाटीको साइज स्व घोषणा गर्नु पर्नेछ । नगरपालिकामा व्यवसाय दर्ता गर्दा २×३ वर्ग फिट बराबरको परिचय पाटी राख्दा परिचय पाटी बापत कुनै अतिरिक्त शुल्क तिर्नु पर्ने छैन । तर सो भन्दा बढी साइजको परिचय पाटी राख्दा प्रति वर्ग फिट रु ५०। का दरले थप दस्तुर लाग्नेछ ।

(५*) परिचय पाटीको दस्तुर बापत प्रत्येक वर्ष व्यवसाय दर्ता नवीकरण गर्दा व्यवसाय नवीकरण शुल्क अतिरिक्त परिचय पाटीको समेत शुल्क लाग्नेछ ।

(६*) इजाजत लिएको साइजभन्दा ठुलो आकारको परिचय पाटी राखिएको भेटिएमा नगरपालिकाबाट जरिवाना गरिनेछ । जरिवानाको रकम अनुगमन अधिकृतले तोके बमोजिम हुनेछ ।



★★पहिलो संशोधनबाट थप गरिएको ।

(७) यस अघि परिचय पाटी राखी व्यवसाय सञ्चालन गर्नेहरुलाई पनि यसै कार्यविधिले तोके बमोजिम हुनेछ ।

**११. व्यवसाय दर्ता खारेज गर्न सकिने:**

(१) यस कार्यविधि बमोजिम व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय सञ्चालन मै रहेको मानी नगर सभाले निर्धारण गरेको कर दर अनुसार सम्वन्धितवाट कर असूल उपर गरिनेछ ।

(३) ऐन, नियमावली र यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मुनासिब कारण खोली व्यावसायीले सम्वन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजी को लागि नगरपालिकामा सिफारिस सहित पठाउनु पर्नेछ । नगरपालिकाले कागजात अध्ययन गरी लगत कट्टा वापत लिईने सेवा शुल्क समेत असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ ।

(५) प्रचलित कानून विपरीतको कारोबार गरेमा वा पेशा, व्यावसाय संचालन गरेमा र व्यवसाय संचालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उल्लंघन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरी बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह व्यावसायीबाट असूल गर्नेछ ।

(६) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व करदातालाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(७) यस दफा अन्तर्गतको उपदफा (५) बमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा व्यवसाय सम्बद्ध करदाताको नाममा नगरपालिकामा ३ वर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरी संचालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ । साथै त्यस्ता करदाताको विवरण सार्वजनिक गरिनेछ ।

**१२. जरिवाना तथा थप दस्तुर लाग्ने :**

(१) ✶✶व्यवसायीले व्यवसाय दर्ता गरेको छ महिनाभित्र कर बुझाएमा कर बुझाउने जरिवाना नलाग्ने तर आर्थिक वर्षको अन्तसम्मको लागि लाग्ने करमा **२५** प्रतिशत✶✶ जरिवाना लिई असूल उपर गरिनेछ ।

(२) एक आर्थिक वर्ष समाप्त भएपछि पनि कर नवुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षकोलागि लाग्ने कर रकमको वार्षिक ५० प्रतिशत✶✶का दरले जरिवाना लगाई कर तथा जरिवाना रकम असूल उपर गरिनेछ ।

**१३. प्रतिलिपि दिने सक्ने :**

व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महलखाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा यस सम्बन्धमा कार्यालयले आवश्यक जांचवुझ गरी प्रतिलिपि दस्तुर रु २००।-✶✶ लिई नयां प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

**१४. व्यवसाय संचालन नभएको सिफारिस दिन सक्ने :**

प्रचालित कानून बमोजिम दर्ता भएका व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो व्यहोरा प्रमाणित भएमा सो प्रकृतिको व्यवसायमा लाग्ने वार्षिक करको ५० प्रतिशत वा रु. १०००।०० मध्ये जुन वढी हुन्छ सो वराबरको दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सकिनेछ ।

**१५. व्यवसाय दर्ता/नविकरण नगरी संचालन गरेमा कारवाही हुने :**



✶✶पहिलो संशोधनबाट थप गरिएको ।

(१) प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय नगरपालिका क्षेत्रभित्र संचालन गरेको पाईएमा वडा कार्यालय वा कार्यालयले सम्बन्धित व्यवसायीलाई ३५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको मितिले ३५ दिन भित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा नगरपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु वन्द गरिनेछ । साथै नेपाल सरकारको सहयोग लिई सरकारी निकाय तथा अन्य सार्वजनिक संस्थानबाट प्रवाह हुने सेवा, सुविधाहरु वन्द गर्न गराउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि ३ महीनाभित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा सम्बन्धित कार्यालयले कर तीर्न अटेर गर्ने व्यवसायीको व्यवसाय वन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह मानी नगरपालिकाले असूल उपर गर्नेछ ।

**१६. वाधा अडकाउ फुकाउने अधिकार :**

(१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

(२) प्रचलित ऐन, नियम र यस विनियमावलीको मूलभूत कुरालाई असर पर्ने गरी उपदफा (१) बमोजिमको वाधा फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।



✶✶पहिलो संशोधनबाट थप गरिएको ।

अनुसूचि-१
निर्देशिकाको दफा ४ को उपदफा (१) सँग सम्बन्धित
व्यवसाय दर्ता/नवीकरण निवेदन फाराम

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
थाहा नगरपालिका
कार्यपालिकाको कार्यालय
ईन्द्रायणी चौर, मकवानपुर

विषयः व्यवसाय दर्ता/नवीकरण गर्न र परिचय पाटी (साईन वोर्ड) राख्न अनुमति पाउँ ।

मैले/हामी ले निम्न स्थानमा ..................................................................व्यवसाय दर्ता/नवीकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौं । नियमानुसार लाग्ने कर, दस्तुर बुझाउनुको साथै नगरपालिकाबाट समय समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुरछु/छौं । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मन्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर :..................... (फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)
२. स्थायी ठेगानाः
............ जिल्ला .......न.पा. .......वडा नं. ........ मार्ग .......... घर नं. ........
३. बाबुको नाम, थर :...................................................................
४. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं. ........ मार्ग ........... घर नं. ........व्यवसाय कम्प्लेक्स भए पसल/संकेत नं.....................पोष्ट बक्स नं. : ..............वेभसाइट ................................................
५. सम्पर्क फोन नं.:............................फ्याक्स ............................. इमेल ............
६. भाडामा रहेको भए व्यवसाय रहने घर रजग्गा को घरधनीको नाम, थर : .....................................
७. ठेगानाः .................. वडा नं. .................. घर नं. .............. मार्ग .......
८. व्यवसायको विवरण /प्रकृति : ...............................................
९. पूँजीगत लगानी रु.मा ........................
१०. फर्म/कम्पनीको नाम : ..........................................................................
११. परिचय पाटीको साइज :(लम्वाई .............. चौडाई ............ वर्गफिट .................. )
१२. अन्यत्र दर्ता भएको भए, दर्ता नं. ...................................../कार्यालयः .........
१३. संलग्न गर्नूपर्ने कागजातहरुः आफनै घर जग्गा भए जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि-१,
भाडामा बस्ने भए भाडारकम र भुक्तानी तरिका समेत खुलेको वहाल सम्झौतापत्र-१, नागरिकता प्रमाणपत्रको प्रतिलिपि १
विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात-१, करदाताको हालसालैको पासपोर्ट साईजको फोटो २ प्रति फर्म कम्पनी भएमा दर्ता । इजाजत प्रमाणपत्र र आन्तरिक राजश्व कार्यालयमा अघिल्लो आ.व. सम्मको कर तिरेकोकरदाता प्रमाणपत्रको प्रतिलिपि ।
............................मिति : ........................निवेदकको दस्तखत

कार्यालय प्रयोजनका लागि मात्र :
निवेदन दस्तुर :................ दर्ता दस्तुर................. व्यवसायकर ............ परिचय पाटी दस्तुर.....................जरिवाना....................जम्मा.............. व्यवसाय प्रमाण पत्र नं. :.. मिति :........................



✶✶पहिलो संशोधनबाट थप गरिएको ।

| | | |
|---|---|---|
| ................................<br>पेश गर्ने | ................................<br>ठीक छ भनी सिफारिस गर्ने | ................................<br>प्रमाणित गनस्वीकृत गर्ने |

अनुसूचि -२
निर्देशिका ४ को उपदफा (३) सँग सम्बन्धित
थाहानगरपालिका
व्यवसाय कर दर्ता किताव

करदाता प्रमाणपत्र नं.:
जारी भएको मिति :
व्यवसायको विवरण परिचयपाटी विवरण व्यवसायीको विवरण

| | | | |
|---|---|---|---|
| १) व्यवसायको प्रकृतिः | १) लेख्ने विवरणः फर्मरकं.को नामः १) नाम,थरः | | |
| २) व्यवसायको किसिमः<br>३) रहने स्थान/ठगे ानाः | २) साइजः<br>३) किसिमः<br>४) अन्य : | २) नागरिकता नं.:<br>जारी भएको जिल्लाः<br>३) ठेगानाः<br>स्थायी :<br>वडा नं.:<br>४) घरधनीको नामः<br>अस्थायी :<br>वाटोको नामः | घर नं.: |

४) बावुको नामः
५) बाजेको नामः
६) सम्पर्क फोन नं.:
७) अन्यः

| असूली आ.व. | मिति | निवेदन दस्तुर | दर्ता शुल्क | चालु आ.व.को व्यवसाय कर रु. | परिचय पाटी | वक्यौता | जरिवाना | जम्मा रकम | रसिद नं. | प्रमाणित गर्नेको सही | कैफिय त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|



✶✶पहिलो संशोधनबाट थप गरिएको ।

अनुसूचि ३
निर्देशिकाको दफा ४ को उपदफा (३) सँग सम्बन्धित
थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
व्यवसाय दर्ता प्रमाण-पत्र

करदाता नं............................ दर्ता मिति ................ प्रमाणपत्र नं.:

जिल्ला मकवानपुर थाहा नगरपालिका..........वडा.............बस्ने श्री..................... .लाई निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाण पत्र जारी गरिएको छ।

व्यवसायको नाम : .................................................................
व्यवसाय रहने स्थान : थाहा नगरपालिका वडा नं.: ...... बाटोको नाम ......
घर नं.... टोल ..........
व्यवसाय रहने घर/जग्गाधनीको नाम :..............................
व्यवसायको प्रकृति :................................ विवरण
परिचयपाटीको साइज : ...........................................................
पूंजीगत लगानी (रु मा): ...........................................

| | |
|---|---|
| .......................... करदाताको हस्ताक्षर | ........................... स्वीकृत गर्नेको हस्ताक्षर |

१. प्रत्येक आर्थिक वर्षको लागि तोकिएको वार्षिक कर उक्त आ.व.को ३५ दिन भित्र बुझाई प्रमाणपत्र नविकरण गर्नुपर्नेछ। नगरपालिकाबाट व्यवसाय कर टोली खटाईएको अवस्थामा व्यवसायीको कार्यस्थलै व्यवसाय प्रमाणपत्र नविकरणगर्न सकिनेछ।
२. व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा वडाकार्यालयको सिफारिसमा नगरपालिकाबाट पूर्व स्वीकृति लिनुपर्ने छ।
३. व्यवसाय बन्द गर्नु परेमा करदाताले नगरपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिसमा कार्यालयबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्ने छ। अन्यथा व्यवसाय चालु नै रहको मानी साल बसाली रुपमा कर लाग्नेछ।
४. यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ र नगरपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनुपर्दछ।
५. कुनै पनि किसिमको व्यवसायीक गतिविधिमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन यदि सो गरेको पाइएं मा प्रचलित कानूनबमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ।
६. व्यवसायबाट उत्पादन हुने फोहर मैला उचित व्यवस्थापन गर्ने दायित्व करदाताको हुनेछ।
७ व्यवसाय सञ्चालनको सिलसिलामा नगरपालिकाबाट समय समयमा दिने निर्देशानको पालना गर्नु करदाताको कर्तव्य हुनेछ।



✶✶पहिलो संशोधनबाट थप गरिएको।

८. उल्लेखित शर्तनामाहरु पालना नगरेँमा नगरपालिकाले जुनसकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द समेत गर्न सक्नेछ ।

९. यो प्रमाणपत्र कर प्रयोजनको लागि जारी गरिएको हो ।

१०. कुनै पेशा वा व्यवासय प्रचालित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा अनिवार्य रुपमा अनुमती लिएर मात्र सञ्चालन गर्नु पर्नेछ ।

अनुसूची-४

**(क) वडा कार्यालयमा दर्ता हुने व्यवसाय**

१. होलसेल/खुद्रा किरानाजन्य पसल

२. तरकारी संकलन व्यवसाय

३. तरकारीको खुद्रा पसल

४. गर-गहना सम्बन्धी व्यवसाय

५. हार्डवेयरसँग सम्बन्धित व्यवसाय

६. दुग्ध डेरी सम्बन्धि व्यवसाय

७. स्टेशनरी सम्बन्धि व्यवसाय

८. थान/तयारी कपडा सम्बन्धि व्यवसाय

९. मोटर पार्टस र मर्मत केन्द्रसँग सम्बन्धित व्यवसाय

१०. चिया खाजा पसल/रेष्टुरेन्ट

११. फोटो स्टुडियो, व्युटि पार्लर, सैलुन

१२. कृषि तथा पशु फर्म

१३. अन्य साना व्यवसाय

**(ख) नगरपालिका मा दर्ता हुने व्यवसाय**

१. बैंक/वितीय संस्था/सहकारी

२. केवल टि.भी./नेट सम्बन्धित व्यवासय

३. निर्माण व्यवसायी

४. गैर सरकारी संस्था

५. औषधी तथा विषदीजन्य पसल,मलखाद् पसल (सबै खालको )

६. फर्निचरसँग सम्बन्धित पसल

७. बालुवा, ढुङ्गा, गिट्टी खानी तथा प्रशोधन केन्द्र, उत्खनन् सम्बन्धित व्यवसाय

८. गेष्ट हाउस, तारे होटल, रिसोर्ट

९. सप्लायर्स सम्बन्धि व्यवसाय

१०. संचार माध्ययमहरु

११. माछा, मासु पसल

१२. सवारी साधनको ढुवानी सम्बन्धि व्यवसाय

१३. अटो तथा तीनपाङ्ग्रे सवारी साधन व्यवसाय

१४. संस्थागत तथा सहकारी विद्यालय



★★पहिलो संशोधनबाट थप गरिएको ।

१५. व्यायामशाला

१६. लेखापरिक्षक फर्म, कन्सलट्यान्सी सेवा

१७.अन्य ठूला व्यवसायरा,



★★पहिलो संशोधनबाट थप गरिएको ।